# संघीय संसद
# प्रतिनिधि सभा

पाँचौं अधिवेशन

बैठक संख्या - १

## दैनिक कार्यसूची

२०७६ पुस ४ गते

**शुक्रबार**

दिनको ४:०० बजे

**राष्ट्रपतिको पत्र**

१. सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आव्हान सम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**राष्ट्रपतिको कार्यालयको पत्र**

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् पुर्नगठन सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**शोक प्रस्ताव**

३. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुने :-

(क) “प्रतिनिधि सभाको यो बैठक २०५१ सालमा तत्कालिन ने.क.पा.एमालेको तर्फबाट संखुवासभा जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य, कम्यूनिष्ट एवं लोकतान्त्रिक आन्दोलनमा क्रियाशिल जनपक्षीय नेता श्री हरि वैरागी दाहालको ६२ वर्षको उमेरमा मिति २०७६ साल असोज ३ गते उपचारको क्रममा मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर, महाराजगञ्जमा निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

(ख) “प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभा निर्वाचनमा तत्कालिन ने.क.पा. एमालेबाट समानुपातिक तर्फबाट निर्वाचित सदस्य, कम्यूनिष्ट आन्दोलनमा क्रियाशिल नेतृ श्री कमला कुमारी घिमिरेको ५० वर्षको उमेरमा मिति २०७६ साल कार्तिक ९ गते आफ्नै निजी निवास लोकन्थलीमा ब्रेन ट्यूमरका कारण निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

(ग) “प्रतिनिधि सभाको यो बैठक २०५१ सालमा तत्कालिन ने.क.पा. एमालेको तर्फबाट धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य श्री रामलखन महतोको ६६ वर्षको उमेरमा मिति २०७६ साल कार्तिक १५ गते निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

(घ) “प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेसबाट भक्तपुर जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य, प्रजातन्त्र र लोकतन्त्र स्थापनाको संघर्षमा सदैव क्रियाशील, इमान्दार, शालीन एवं भद्र नेता रामेश्वर ढुंगेलको ५९ वर्षको उमेरमा मिति २०७६ साल पुस १ गते मंगलबार उपचारको क्रममा त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्जमा निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव